# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, वैशाख ८ गते २०६३ साल (अतिरिक्ताङ्क ३

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट**
**राष्ट्रको नाममा बक्सेको शाही घोषणा**

प्यारा देशवासीहरू,

नेपालीहरूको संयुक्त विवेकको निक्यौंल, समझदारी र संयुक्त प्रयासबाट शान्ति सुव्यवस्था, सुशासन, भ्रष्टाचार नियन्त्रण तथा जन-निर्वाचित निकायहरूलाई जीवन्त तुल्याएर बहुदलीय प्रजातन्त्रलाई सार्थक अभ्यासमा उन्मुख गराउन हामीबाट तत्कालिन परिस्थितिमा बाध्य भई २०६१ माघ १९ गते कदम चाल्नु परेको कुरा सर्वविदितै छ । हाम्रो यो कदममा साथ दिएर आमजनताले शान्ति र प्रजातन्त्र नै आफ्नो चाहना भएको पुष्टि गरे, राष्ट्र सेवकहरूले कर्तव्यपरायणता देखाए, हामी यसको सहाना गर्दछौं । आफ्नो गौरवमय परम्परालाई अघि बढाउँदै सुरक्षाकर्मी-हरूले प्रदर्शन गरेको लगन, साहस र अनुशासनको हामी कदर गर्दछौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हामीबाट देशका सबै भागहरूमा गएर जनताको पीरमर्का र चाहना बुझी आँसु पुछ्ने प्रयास पनि गर्‍यौं । जनताको ढाडस बढाउन कोसिस पनि गरेकै हो। हत्या, हिंसा र आतंकबाट पीडित देश र जनताको हितमा संवादको बाटोमा आउन राजनीतिक दलहरूलाई आह्वान पनि गर्‍यौं । तर यो साकार भएन । प्रजातन्त्रको आदर्श प्राप्तीको लागि राजनीतिक दलहरूको सक्रिय संलग्नता र सहभागिता अनिवार्य हुन्छ । यसका साथै, देश र जनताको वृहत हित तथा लोकसम्मतिको आधारमा शासन व्यवस्था चलाउने शाहवंशीय परम्परा रहेको तथा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा हाम्रो अटुट प्रतिवद्धता भएकोले आज यही शाही घोषणाद्वारा नेपाल अधिराज्यको कार्यकारणी अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ बमोजिम हुने गरी जनताको माशो जनतालाई नै फर्काएका छौं । राज्यशक्तिको श्रोत जनता नै भएकाले देश र जनताको हितमा सद्भावना र सहमति बनाएर, शान्ति सुव्यवस्था कायम गर्नुपर्दछ । बहुदलीय प्रजातन्त्रको रक्षा गर्दै संवैधानिक बाटो छाडेकाहरूलाई प्रजातान्त्रिक प्रणालीको मूल प्रबाहमा ल्याएर देशलाई शान्ति र समुन्नतिको बाटोमा अग्रसर गराउनु पर्दछ । यसै गरी निर्वाचनद्वारा जनप्रतिनिधि मुलक निकायहरू क्रियाशील पारी प्रजातन्त्रलाई सार्थक बनाउन अग्रसर हुनुपर्दछ । यसका लागि नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम देशको शासन व्यवस्थाको अभिभारा ग्रहण गर्ने मन्त्रिपरिषद् गठन गर्नका लागि प्रधानमन्त्री पदको लागि यथाशीघ्र नाम सिफारिश गर्न सात राजनीतिक दलहरूको गठबन्धन[illegible] छौं । यसरी प्रधानमन्त्रीको कार्यभार सम्हाली रहनेछ ।

गरुन् !

जय नेपाल !

। बक्सेबमोजिम,  
शुपतिभक्त महर्जन  
राजका मुख्य प्रमुख सचिव

। मूल्य रु. ५।-

६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।